आठबीस नगरको समुन्नतीका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# आठबीस नगरपालिका, दैलेख

पन्ध्रौ नगर सभामा प्रस्तुत

# नीति,कार्यक्रम तथा बजेट

२०८१/०३/१०

नगरसभाका अध्यक्षज्यू,
नगर सभाका सदस्यज्यूहरु
विभन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरु
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगरपालिकाका कर्मचारी एवं उपस्थित सम्पूर्ण महानुभावहरु

यस नगरपालिकाको १५औं नगरसभामा आफ्नो ब्यस्तताका बावजुत अमुल्य समय प्रदान गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने अतिथि लगायत सम्पूर्ण महनुभावहरुमा म सर्वप्रथम आठवीस नगरपालिका तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत एंव कृतज्ञता ब्यक्त गर्दछु ।

आज हामी यस ऐतिहासिक आठवीस नगरपालिकाको सुनौलो भविष्य सहितको १५ औं आठबीस नगर सभा उद्घाटन गर्न गइरहेका छौ । आठबीस नगरपालिकाको यस गरिमामय सभामा बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुसि भएको छु । यस ऐतिहासिक क्षणमा प्रजातन्त्र प्राप्ति, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा आफ्नो अमुल्य जीवनको आहुति दिनु हुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

***आदरणीय नगरसभाका सभाध्यक्षज्यू एंव उपस्थित महानुभावहरु***

आठवीस नगरपालिका स्थापना भएको दिन देखि आजका मिति सम्म आइपुग्दा आठबीस नगरपालिकाको सुन्दर भविष्य निर्माणमा हामी निरन्तर लागि रहेका छौ । "आठवीस नगरको समुन्नतिका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार" भन्ने मुल मर्मलाई आत्मसाथ गर्दै अगाडी बढिरहेका छौ । नगरपालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने नीति नियम तथा कार्यविधीहरु निर्माण गर्दै कार्यन्वयन गरिरेहका छौ । नगरपालिकालाई सुबिधा सम्पन्न, व्यवस्थित, समुन्नत र सुन्दर रुपमा बिकास गर्न र सोही अनुसार आवश्यक पूर्वाधार तयार गरी नगरको बिकास गर्ने चुनौती हाम्रो बीच रहेको छ । सबैको सहयोग र समन्वयबाट मात्र हामीले परिकल्पना गरेको जस्तो नगरको रुपमा यसलाई विकास गर्नका लागी सबैलाई जानकारी एंव ध्यानाकषर्णका लागी आठवीस नगरपालिकाको विद्यमान अवस्थाको सम्बन्धमा प्रस्तुत गर्न चाहन्छु ।

आठवीस नगरवासी दिदिबहिनि तथा दाजुभाईहरु यहाँहरुको चाहना आकांक्षा वास्तविक आवश्यकतालाई सम्बोधन गर्न हामीलाई उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग गर्दै यस क्षेत्रको सर्वाङ्गीण विकासमा नगरपालिका सदा प्रतिबद्ध रहेको छ । यस अभियानमा विकासका आवश्यकता पूर्ति गर्न हामिले संघीय सरकार, प्रदेश सरकार, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, गैरसरकारी संघसंस्था तथा अन्य निकाय सँग आवश्यक सहकार्य सहलगानी र सहकारीको मुल्य मान्यतालाई आत्मसाथ गर्दै अगाडी बढीरहेका छौं।

*सवल पक्षहरु*

आठबीस नगरपालिका दैलेखको हिमाली क्षेत्र देखी तराई सम्मको हावापनी उपलब्ध रहेको नगरपालिका हो । नगरपालिकामा थुप्रै खेतियोग्य भूमी रहेको छ । यस नगरपालिका भएर बगिरहेको कर्णाली नदी रारातालको प्रबेश मार्ग र पर्यटनको दृष्टिले उच्च सम्भावन हुनको साथै यस आठबीस नगरपालिकाको पहलमा कर्णाली जलयात्रा (रयाफ्टिङ्ग) संचालनमा आएको छ। यस अनुकुल हावापानी जैबिक विबिधता र हरियाली समेतलाई यस नगरपालिकाको सवल पक्षका रुपमा लिन सकिन्छ । नेपाल सरकारले कार्यान्वयनमा ल्याएको मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तर्गत पर्ने नयाँ शहर आयोजना समेत यस नगरपालिका क्षेत्रमा रहेकोले यस लाई सवल पक्षको रुपमा लिइएको छ । साथै आठबीस नगरपालिका क्षेत्र भित्रका र अन्य छिमेकी जिल्लाका नागरिकहरुलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि नगरपालिकाको समन्वय र पहलमा आठबीस नगरपालिका वडा ३ कुमालखाडामा सुविधासम्पन्न १०० शैयाको अस्पताल निर्माणका लागि अन्तिम ठेक्का प्रक्रियाको चरणमा रहेकोले हामिले यसलाई सवल पक्षका रुपमा लिएका छौ ।

*सुधार गर्नुपर्ने पक्ष*

- नगरपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा यस अघि ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नती गर्ने
- विस्तारित शहरी क्षेत्रको गुरुयोजना निर्माण,
- ढलनिकास, अब्यवस्थित शहरीकरण,
- बिधुतको पहुँचको अभाव,
- अव्यवस्थित र बिग्रेको कर्णाली राजमार्ग,
- गरिवी न्युनिकरण,
- कृषि तथा पशुजन्य बस्तुको उत्पादन बृद्धि र बजारीकरण र
- रोजगारी सृजनालाई नगरपालिकाले सुधार गर्नुपर्ने पक्षको रुपमा लिएकोछ ।

*अवसर*

यस आठबीस नगरपालिका क्षेत्र भएर बगिरहेको, कर्णाली नदि लगायत यस नगरपालिकाका खोला बगरहरुमा पाइने नदिजन्य पदार्थ(ढुँङ्गा, गिट्टी तथा वालुवा), कर्णाली राजमार्ग, नयाँ शहर आयोजना, पहाड र तराई मिश्रीत भुभाग, मध्यपहाडी पुष्पलाल लोकमार्ग, समतल जिउलाका फाँटहरु, घनाबनजंगल एव हरियाली क्षेत्र, जैविक बिबिधता, धार्मिक तथा पुरातात्विक सम्पदा, स्थानीय जातजातिको लोककला सस्कृती र मानव श्रोतलाई यस नगरपालिकाको अवसरका रुपमा लिन सकिन्छ ।

*समस्या र चुनौतीहरु*

सवलपक्ष र सुधार गर्नु पर्ने पक्षहरु संगै हामीले सामना गर्नु पर्ने थुप्रै चुनौतिहरुको बारेमा उल्लेख गर्न चाहन्छु ।

१. स्थानीय उत्पादनको बजारीकरण

२.सिमित स्रोत साधनमा विकासका पूर्वाधारहरु विस्तार गर्नु ।

३.अब्यबस्थित बसोवास,
४. अब्यबस्थित ढल निकास।
५. उत्पादन बृद्धि गर्नु र रोजगारी सृजना गराउनु
६. समाजमा ब्याप्त सामाजिक कुरितिहरु जातिय विभेद, छाउपडी, लैङ्गिक हिंसा र वालविबाह अन्त्य गर्नु।
७. फोहोरको उचित व्यवस्थापन गर्न ।
८. विपद् व्यवस्थापन गर्नु
९. भौगोलिक विकटता
१०. नगरपालिकाको कार्यचाप बृद्धि भए संगै आवश्यक मानबपुँजि व्यवस्थापन गर्नु।

**आदरणीय सभाध्यक्ष एंव सभा सदस्यज्यूहरु**

नेपालको संविधानले दिएको अधिकार अनुसार जनताको सबै भन्दा नजिकको सरकारको हैसियतले जनताका असिमित आवश्यकता र आकांक्षाहरुलाइ सम्वोधन गरी अघि बढ्नु पर्ने हुन्छ । अर्को तर्फ हामी संग सिमित श्रोत र साधनहरु उपलब्ध रहेका छन् ।

हाम्रो नगरपालिकामा शिक्षा, कृषि, पर्यटन, पशुपालन, उद्योग र व्यापारको प्रचुर सम्भावना रहेको भएता पनि यसको समुचित उपयोग गरी नगरपालिकालाई समृद्ध नगरपालिका बनाउने सन्दर्भमा हामीले सोचे जस्तो उपलब्धी हासिल गर्न सकिरहेका छैनौ । नगरबासीहरुले अझै पनी नगरपालिकाको पूर्ण अनुभुति गर्न नसकिरहेको अवस्थामा नगर कार्यपालिकाको सिंगो टिम यसलाइ सम्वोधन गर्न निरन्तर लागि परेको छ ।

**आदरणीय सभाध्यक्ष महोदय**

**अव म आठवीस नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा भए गरेका कार्यहरुको समिक्षा प्रस्तुत गर्दछु**

१. आवश्यक नीतिगत र सस्थागत क्षमताको बिकास गर्दै जनताको आधारभुत आवश्यकताहरु परिपूर्ती गर्न र नगरको बिकास कार्यमा आठवीस नगरपालिका सदैव लागिरहेको छ ।

२. आठवीस नगरपालिका अन्तर्गत चालु आर्थिक वर्षका लागि प्रस्तावित आन्तरिक आय अन्तर्गत रु ४९ लाख ९१ हजार प्रक्षेपण गरिएकोमा चालु आवको जेठ मसान्त सम्ममा आन्तरीक आय तर्फ रु २७ लाख ११ हजार ५ सय तेर्ह रुपैया मात्र असुली भएको छ ।

३. चालु तर्फ विनियोजन गरिएको रु. ४४ करोड ४८ लाख ६७ हजार मध्ये चालु आर्थिक वर्षको जेठ मसान्त सम्म रु. २९ करोड ३२ लाख ९२ हजार अर्थात ६६ प्रतिशत खर्च भएको देखिन्छ । भने पूजिगत तर्फ बिनियोजित रु १३ करोड ६० लाख ३० हजार मध्ये जेठ मसान्त सम्म रु. ६ करोड ११ लाख ७८ हजार अर्थात ४४ प्रतिशत खर्च भएको छ । आ.व. को अन्त्य सम्ममा ८५ प्रतिशत भन्दा बढी वित्तिय प्रगति तथा ७० प्रतिशत बढी भौतिक प्रगति हुने अनुमान गरिएको छ ।

४.आठबीस नगरपालिका नगर शिक्षा समितिद्वारा नगर शिक्षा योजना तयार पारी शिक्षाको गुणस्तरमा सुधारका लागि कार्यक्रमहरु संचालन भैरहेका छन् ।नगरबाट बाहिर हुने खेलकुद प्रतियोगितामा सहभागी टोलिहरु पठाईएको छ ।

५. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु छिटो छरितो र प्रभावकारी बनाउन नगरपालिकाको आफ्नै प्रशासकीय भवन २ तला ढलान भैससेकेको छ ।

६. १५ शैया आधारभूत अस्पतालको ९३ प्रतिशत भन्दा बढी निर्माण सम्पन्न भैसकेकोले संघीय सरकारसँग आवश्यक जनशक्तिको व्यवस्थापनको पहल गरी उक्त अस्पतालबाट तत्काल सेवा सुविधा प्रदान गर्ने ।

**आदरणीय सभाध्यक्षज्यू एंव उपस्थित महानुभावहरु**

अव म आगामी आ.व. २०८१।०८२ का लागि आठबीस नगर कार्यपालिकाद्वारा नगर सभामा स्वीकृतका लागि पेश गरेको निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, आठबीस नगरको समुन्तिका आधार" भन्ने नारालाई आत्मसाथ गर्दै आठबीस नगर लाई सम्बृद्ध र सम्पन्न नगरपालिकाको रुपमा निर्माण गर्ने लक्ष्य लिइएको छ ।

**आदरणीय सभाध्यक्षज्यु**

यस गरिमामय सभा समक्ष आगामी आ व २०८१।०८२ मा संचालन गरिने कार्यक्रमहरुको तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरुलाइ यहाँ प्रस्तुत गर्दछु ।

१. नेपालको संविधान र मौजुदा कानुनहरु, नेपालको पन्धौं योजना, दिगो विकासका लक्ष्यहरुलाई आधार मान्दै यस नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि निम्न विधि अवलम्बन गरिएको छ ।

२. प्रत्येक वडाका लागि वडास्तरमा संचालन गर्न सकिने योजना तर्जुमा गरी पठाउन वडालाई बजेट सिमा तथा मार्गदर्शन प्रदान गरिएको छ ।

३.योजना तथा कार्य्रकम छनोट गर्दा आगामि आर्थिक वर्षलाई उत्पादन तथा रोजगार बर्षका रुपमा विकास गर्ने निति रहेकोले वडाबाट पठाउने योजना तथा कार्यक्रम कृषिजन्य उत्पादन बृद्धि गर्ने योजना छनौट गरि पठाउने व्यवस्था मिलाइएको छ ।

४.वडा समिति लगायत विभिन्न सरोकारवाला व्यक्ति तथा निकायसँग नगरपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रमको बारेमा सुझाव लिएको छ ।

**बजेटका उद्देश्यहरुः**

**आदरणिय सभाध्यक्षज्युएंव उपस्थित महानुभावहरु**

आर्थिक वर्ष २०८१।०८२ का बजेटका उद्देश्यहरु यस प्रकार उल्लेख गरेको छु ।

१ नगरको शैक्षिक गुणस्तरमा बृद्धि गर्ने ।

२ आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि र सुलभता ल्याउने ।

३ पुर्वाधारहरुको विकास र विस्तारबाट जनताको जिवनयापनमा सहजता ल्याउने ।

४ स्वच्छ खानेपानी र सरसफाईको पहुँचमा बृद्धि गर्ने ।

५ कृषि तथा पुशपालन पेशालाई व्यवसायिक रोजगारमुलक बनाउने ।

६ विपद्जन्य जोखिम न्युनिकरणका लागि योजनाबद्ध रुपमा अगाडी बढ्ने ।

७ उद्यम व्यवसाय विकासमा विपन्न, दलित, महिला, एच आई भि भएका र फरक क्षमता भएका व्यक्तिहरुको अर्थपुर्ण सहभागितामा बृद्धि गरी उहाँहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद, पुनस्थापना, सहायक सामाग्री तथा न्यायमा पहुँच हुने गरी कार्यक्रमहरु संचालन गर्ने ।

८ नगरपालिका र वडाबाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो वनाउन प्रविधिमैत्री बनाउने ।

उपरोक्त नगरपालिकाको सोच लक्ष्य उद्देश्यलाई आत्मसात गर्दै आठबीस नगरपालिकाको दिर्घकालिन सोचको वास्तविक धरातलमा पुग्नका लागि निम्नानुसारको क्षेत्रगत नीतिहरु अवलम्बन गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यु एंव उपस्थित महानुभावहरु**

अव म आगामी आर्थिक वर्षका क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्दछु ।

**१ राजस्व परिचालन नीति**

१.१ नगरपालिकाको राजस्व बृद्धिका लागि करको बृद्धि भन्दा पनि करका क्षेत्रहरुको पहिचान गरी करको दायरालाई दिगो र फराकिलो वनाउने नीति लाई निरन्तरता दिइनेछ ।

१.२ नगरपालिकाको स्वामित्वमा रहेका सम्पतिहरु तथा अन्य सार्वजनिक सम्पतिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१.३ प्रत्येक वर्ष मालपोत कर र व्यवसाय कर अनिवार्य तिर्ने नीति लिइनेछ ।

१.४ आन्तरिक राजस्व अभिबृद्धिका लागी सार्वजनिक निजी र साझेदारी अन्तर्गत विभिन्न संघ सस्थाहरु सँग सहकार्य गरिनेछ ।

१.५ पेश्की तथा बेरुजुहरु फछ्यौट गर्ने कार्यलाई प्रभाकारी बनाइनेछ ।

१.६ आन्तरीक आय सवल बनाउन राजस्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो बनाइ सर्वसुलभ बनाइनेछ ।

१.७ आन्तरिक आय वृद्धि गर्नका लागी राजस्व/करका विभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।

१.८ फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउदै सो वापत प्रत्येक घरधुरी, संघसस्था, कार्यालय, व्यापारिक पसल, अस्पताल र फार्मेसीहरुलाई आवश्यक कार्यविधि निर्माण गरी शुल्क लगाइनेछ ।

१.९ घर बहाल कर लागु गरिनेछ ।

१.१० नगरक्षेत्र भित्र अव्यवस्थित रुपमा संचालनमा रहेका अस्थायी क्रसर उद्योगहरुलाई अनिवार्य नविकरण गर्ने र समयसिमा भित्र नविकरण नगर्ने क्रसर उद्योगलाई खारेज गर्ने गरिनेछ ।

**२. रोजगार नीति**

बेरोजगार ब्यक्तिहरुको तथ्याङ्क संकलन गरी यूवाहरुको सिप, क्षमता र आवश्यकतामा आधारित भएर यूवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

२.१ रोजगारीका अन्य सम्भावित क्षेत्रहरुको पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।

२.२ प्रधानमन्त्री रोजगार कार्यक्रमको योजनामा आवश्यकता अनुसार नगरपालिकाबाट लागत साझेदारी गरिनेछ ।

**३. कृषि विकास तर्फ**

३.१ कृषि क्षेत्रमा उत्पादन पछिको अनुदान कार्यक्रम कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

३.२ समुहमा आवद्ध कृषकहरुका लागि कृषक अध्यायन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

३.३ कृषि तथा पशुपालनको सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन पहिचान कार्यक्रम संचालन गरिनेछ ।

३.४ आठबीस नगरपालिका केन्द्र राकमकर्णालीमा कृषि संकलन केन्द्रसहित चिस्यान केन्द्रको स्थापनको लागि आवश्यक पहल गरिनेछ ।

३.५ स्थानिय स्तरमा रहेका बाँस, निगालो, अल्लो र सिस्नोको संरक्षण र उत्पादनमा बृद्धि गरि उपयोग गरिनेछ ।

३.६ नीजि तथा बाँझो जग्गामा खेति गर्न कृषकहरुलाइ प्रोत्साहित गरिनेछ ।

३.७ आठबीस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका बैङ्क तथा वित्तिय संस्था र सहकारीहरुबाट कृषकहरुलाई सहुलियत कृषि कर्जाको लागि आवश्यक पहल गरिनेछ ।

३.८ कृषि उपजमा किटनाशक औषधी तथा रासायनिक मलको प्रयोगलाइ निरुत्साहित गर्दै जैविक बिषादि र प्राङ्गारीक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

३.९ पशुपालन र उत्पादनलाई प्रोत्साहित गर्न विउ पूजि परिचालन कार्यक्रम सचालन गरिनेछ ।

३.१० आठबीस नगरपालिकाको केन्द्र राकमकर्णाली वथसाल स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

३.११ स्थानीय प्रजातिका धान, मकै, कोदो लगायतका अन्नहरुको सरक्षण तथा प्रवद्धन गरिनेछ । त्यस्ता वालीहरुको बजारीकरण समेतको ब्यबस्था मिलाइनेछ ।

३.१२ कृषि तथा पशु जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रणका लागी आवश्यक पहल गरी नियन्त्रण गरिनेछ ।

३.१३ आठबीस नगरपालिका क्षेत्रमा सुन्तला तथा कागति क्षेत्रको पकेट विकास कार्यक्रम लागू गरिनेछ ।

३.१४ माटोको उत्पादकत्व गुणस्तर र व्यवस्था पत्ता लगाउन माटो परिक्षण शिविर संचालन गरिनेछ ।

३.१५ कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमहरु संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको समन्वय, सहकार्य र साझेदारीमा आवश्यकता अनुसार कार्यन्वयन गरिनेछ ।

३.१६ आठबीस नगरपालिकाको केन्द्र राकमकर्णालीमा दुग्ध संकलन केन्द्र स्थापनको लागि आवश्यक पहल गरिनेछ ।

**४.उद्योग तथा उद्यमशिलता नीति**

४.१ आठबीस नगरपालिका क्षेत्र भित्र उत्पादन हुने फलफुलबाट जुस उत्पादन गर्न तालिमको व्यवस्था गरिनेछ ।

४.२ स्थानीय श्रोत र साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन र रोजगारी सृजना र स्थानीय समृद्धिको आधारमा लघु तथा घरेलु उद्यमलाइ अभियानको रुपमा संचालन गरिनेछ ।

४.३ ढुङ्गा काट्ने, इट्टा र बलक निर्माण गर्ने लगाएतका स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनामा जोड दिइनेछ।

४.४ महिलाहरुमा रहेको सिप क्षमता बिकास गर्न महिला उद्यमशिलता कार्यक्रमलाई अझ फराकिलो बनाइदै लिइनेछ ।

४.५ स्थानीय तहमा पाइने बाँस र निगालोबाट विभिन्न सामग्रीहरुको निर्माण गर्न यूवाहरुको सिप क्षमता विकास गरी पर्यटकहरुलाई आकर्षण गर्न कोशेली घर संचालनमा ल्याइनेछ ।

४.६ माटोका भाडाकुडा उत्पादन गर्ने, चप्पल उत्पादन गर्ने र सावुन उत्पादन गर्ने उद्योगको स्थापना गरिनेछ ।

४.७ नगरपालिकाभित्र संचालन भएका पसल व्यवसायहरुको नगरपालिका र नगर उद्योग वाणिज्य संघ सँगको सहकार्यमा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

**५.पर्यटन प्रर्वद्धन नीति**

५.१ आठबीस नगरपालिका भित्रको धार्मिक तथा पर्यटकिय गुरुयोजना तयार गरी लागू गरिनेछ ।

५.२ आन्तरीक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न मनोरन्जन पार्कको व्यवस्थापन गरिनेछ ।

५.३ पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकिय आवास व्यवस्था गर्न नीजि क्षेत्रसंगको समन्वयमा होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारण गरि अनुगमन र नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

५.४ कर्णाली राजमार्गलाई आधार बनाई यस नगरपालिकाका सबै वडाहरु समेटी चक्रपथ निर्माण कार्यलाई निरन्तरता दिदै सबै वडाका पर्यटकिय स्थानहरु समेटिने गरि एकिकृत पर्यटन सरकिट निर्माणमा जोड दिइनेछ ।

**६. सहकारी नीति**

६.१ सहकारीको क्षमता र सम्भावना सहित सहकारीको कारोबार हेरी सहकारी संस्थाहरुलाई मर्जरको नीति लिइनेछ । । साथै एक सहकारी एक रणनीति मा जोड दिइनेछ ।

६.२ सहकारीको अनुगमन र नियमनलाइ प्रभावकारी बनाइनेछ ।

६.३ सहकारीका शेयर सदस्य र संचालक समितका सदस्यहरु र व्यवस्थापकका लागी आवश्यक पर्ने तालिमहरु संचालन गरिनेछ ।

६.४ नगरपालिकामा रहेका सहकारीहरु मध्ये असल अभ्यास गरिरहेका सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ ।

**७. स्वास्थ्य तर्फ**

७.१ आठबीस नगरपालिका क्षेत्र भित्रका गरिव तथा विपन्न व्यक्तिहरुलाई आठबीस नगरपालिकाबाट निशुल्क स्वास्थ्य विमा कार्यक्रम लागू गरिनेछ ।

७.२ संघिय सरकार,  प्रदेश सरकार, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा आठबीस नगरपालिकाको संयुक्त पहलमा आधारभुत अस्पताल राकमकर्णालीमा नियमित रुपमा साधन स्रोत सहित दक्ष जनशक्ति सहितको आधारभुत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

७.३ संघिय सरकारको अनुदान र आठबीस नगरपालिका दैलेखको संयुक्त पहलमा पोषणमैत्री स्थानिय शासन प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

७.४ संघीय सरकार अनुदान तथा आठबीस नगरपालिकाको संयुक्त पहलमा सुनौला हजार दिन गरिब, विपन्न तथा एकल महिलाको पोषण सुधारका लागि आय आर्जनको आवश्यक पहल गरिनेछ ।

७.५ दुर्गम स्थानमा स्थापना गरिएका शहरी स्वास्थ्य केन्द्रलाई क्रमश व्यवस्थित गरिदै लगिनेछ ।

७.६ साझेदार संघ संस्थाको साझेदारीमा सबै स्वास्थ्य संस्थामा भौतिक सामग्री र दक्ष जनशक्तिको व्यवस्था गरि आधारभूत स्वास्थ्य सेवालाई जनमुखि गरिदै लिईनेछ ।

७.७ ६ वर्ष मुनिका सबै वालवालिका पोषणको लेखाजोखा गरि कुपोषित वालवालिकालाई ओ टि सि सेन्टरमा ल्याई उपचार गरिनेछ ।

७. ८ सबै वालवालिकाहरुलाई सबै प्रकारका खोपहरु प्रदान गरिनेछ । वडा तथा नगरलाई पूर्ण खोप घोषणा गरिदै लगिनेछ।

७.९ किशोर किशोरी कार्यक्रम मार्फत किशोर किशोरीको स्वास्थ्य परिक्षण तथा किशोरीहरुलाई फोलिक एसिड तथा जुक्काको औषधि नियमित रुपमा खुवाईने र सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री स्वास्थ्य बनाउदै लगिनेछ।

७. १० गर्भवति महिला संग नगर उप प्रमुख कार्यक्रम मार्फत सबै गर्भवति महिलाहरुलाई प्रोत्साहन कार्यक्रम संचालन गरि प्रत्येक महिना गर्भजाँच तथा स्वास्थ्य संस्थामा सुत्केरी गराईने व्यवस्था गरिनेछ । घरैमा सुत्केरी हुने संख्या घटाउदै लगिनेछ तथा सुत्केरी जाँच सेवा लाई अझै प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

७.११ सुत्केरी तथा गर्भवति महिलाहरुलाई प्रेषण प्रणाली व्यवस्थित गराउन पालिकामा प्रेषण कोष स्थापना गरि कार्यन्वयन गरिनेछ ।

७.१२ समुदायमा नसर्ने रोग सम्बन्धि सचेतामुलक कार्यक्रम संचालन गरि नसर्ने रोग बारे जानकारी गराउदै लगिनेछ।

७.१३ समुदायमा फैलिन सक्ने जुनसुकै माहामारी नियन्त्रण गर्न संघ प्रदेश र साझेदारी संघ संस्थाको सहकार्यमा माहामारी नियन्त्रण गरिनेछ ।

७.१४ प्रदेश सरकारको सहयोगमा स्वास्थ्यको पहुँच नपुगेका स्थानमा चिकित्सक सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।

७.१५ एच आई भि एड्स संक्रमित व्यक्तिहरुलाई मासिक रुपमा दिईने यातायात खर्च निरन्तरता दिइनेछ ।

७.१६ आधारभुत अस्पताल स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य केन्द्रहरुमा नियमित रुपमा औषधी तथा उपकरणको व्यवस्थापन गरिनेछ ।

७.१७ सबै स्वास्थ्य संस्थालाई आधुनिक प्रविधिमैत्री बनाउदै लगिनेछ ।

७.१८ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाको बारेमा प्रत्येक वर्षमा सार्वजनिक सुनुवाई गरिनेछ ।

७.१९ नगरपालिका भित्र संचालनमा रहेका एम्बुलेन्स सेवालाई प्रभावकारी रुपमा संचालनमा गरिनेछ ।

७.२० सिगौडी, पिपलकोट, सिहाँसैन र तिलेपाटा स्वास्थ्य चौकीमा  प्रयोगशाला सेवा क्रमश संचालनमा ल्याईनेछ ।

७.२१ निमायल ओम्काना तथा छेपाडी आधारभुत स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीहरुको आवश्यकता अनुसार दरवन्दी थप गर्ने प्रक्रिया अघि बढाईनेछ ।

७.२२ आधारभुत अस्पताल तथा सातला स्वास्थ्य चौकीबाट १० हप्ता सम्मको गर्भपतन सेवा संचालन गरिनेछ । साथै  उक्त सेवा सबै स्वास्थ्य संस्थामा क्रमशः विस्तार गरिनेछ ।

७.२३ किशोर किशोरीका लागि लक्षित गरेर विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ । किशोरीहरुको आत्मसुरक्षाका लागि  आवश्यक सिप क्षमतामा विकास गरिनेछ ।

७.२४ स्वास्थ्य चौकीहरुमा  प्रयोगशाला, उपकरण तथा औषधी व्यवस्थापनलाई प्रभावकारी बनाउदै लगिनेछ ।

७.२५ राकमकर्णाली  आधारभुत अस्पतालमा आवश्यक पर्ने जनशक्तिको लागि संघीय सरकारसँग माग गरी सेवा संचालन गरिनेछ ।

७.२६ कर्णाली स्वास्थ बिज्ञान प्रतिष्ठान सँगको साझेदारीमा राकमकर्णाली आधारभूत अस्पतालमा विशेषज्ञ सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७.२७ एच. आई. भि. एड्सको जोखिम न्यूनिकरण गर्न  यस नगरपालिकामा समुदायमा आधारित रक्त परिक्षण कार्यक्रमलाई अगाडि बढाउन आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

७.२८ यस आठबीस नगरपालिका क्षेत्र भित्र यस अघि स्थापन रहेको वर्थिङ्ग सेन्टरलाई जनशक्ति व्यवस्थापन गरी संचालनमा ल्याइनेछ ।

७.२९ जनसंख्याको आधारमा महिला स्वास्थ्य स्यंमसेविकालाई आवश्यकता अनुसार थप गरिदै लगिनेछ ।

**८. शिक्षा नीति**

८.१ शैक्षिक सुदृढीकरण अनुदान मार्फत शिक्षक विद्यार्थि अनुपातका आधारमा शिक्षक व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

८.३ नवप्रवेशि शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

८.४ आठबीस नगरपालिकामा पुर्ण विद्यार्थि भर्ना सुनिश्चित गरिनेछ  ।

८.५ शसर्त अनुदान अन्तर्गतका शिक्षा क्षेत्रका कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

८.६ प्रधानाध्यापकहरुलाई शैक्षिक प्रशासन र विद्यालय सुधारका लागि नमूना विद्यालयहरुमा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

८.७ भुगोल आवश्यकता र शिक्षक विद्यार्थि अनुपातका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

८.८ अति विपन्न तथा गरिव वालबालिकाहरुलाई आवश्यक शैक्षिक सामाग्री व्यवस्थापन गरिनेछ ।

८.९ शिक्षाको गुणस्तर माथि उठाउन शैक्षिक सामग्री प्रर्दशनि तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

८.१० यस आठबीस नगरपालिका क्षेत्र भित्र संचालन भएका सामुदायिक विद्यालयको क्रमस माध्यामिक विद्यालय र आधारभूत विद्यालयमा नेपाल सरकारबाट स्वीकृत एउटै प्रकारको रङ्गरोगन प्रयोग गरिनेछ ।

८.११ SEE परिक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थिलाई उच्च शिक्षा अध्ययनको लागि रु ५००००।– (अक्षेरेपी पचास हजार मात्र) र विद्यालयलाई प्रोत्साहनको स्वरुप रु. १०००००। –(अक्षेरेपी एक लाख मात्र) प्रदान गर्ने कार्यक्रम निरन्तर गरिनेछ ।

८.१२ "हाम्रो आठबीस दरा" नामक पाठ्यपुस्तकको छपाइ र वितरणको व्यवस्था गरिनेछ ।

८.१३ नगरपालिका भित्रका विज्ञान तथा गणित प्रयोशाला नभएका माध्यामिक विद्यालयहरुमा विज्ञान तथा गणित प्रयोगशाला संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८.१४ शैक्षिक गुणस्तर वृद्धिको लागी प्रत्येक बिद्यालयले बिद्यालय स्तरको बार्षिक बिद्यालय सुधार कार्ययोजना र नगरले बार्षिक नगर शिक्षा सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

८.१५ विद्यालयको अनुगमन र नियमनलाइ थप प्रभावकारी बनाइनेछ । साथै शिक्षकको पेशागत सिपको सहयोग पुर्याउन छुट्टै सुपरिवेक्षकको व्यवस्था मिलाइनेछ ।

## ९. यूवा तथा खेलकुद

९.१ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई व्यवस्थित गर्दै जिल्ला स्तरीय खेलुकद कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९.२ आठबीस नगरपालिका वडा नं. ८ गाइजात्रामा खेलमैदान निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

९.३ राकमकर्णालीमा कवड हल निर्माणका लागी नयाँ शहर आयोजना राकमकर्णाली, दैलेख तथा संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ

९.४ खेलाडीहरुको मनोभाव उच्च बनाउनको लागि विभिन्न खेलहरु संचालन हुने गरी नगरस्तरीय मेयरकप आयोजना गरिनेछ ।

९.५ नगरभन्दा बाहिर हुने खेलकुद प्रतियोगितमा नगरको प्रतिनिधित्व गरी जाने खेलाडीहरुलाइ प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९.६ आठबीस नगरपालिका वडा नं. १ सुकिपिउलिमा रंगशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

## १०. महिला वालवालिका तथा सामाजिक समावेशिकरण

१०.१ लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धी चेतनामुक कार्यक्रमहरु संचालन गरिनेछ।

१०.२ जातिय बिभेदलाइ न्यूनिकरण गर्न बिशेष अभियान सचालन गरिनेछ ।

१०.३ गरिवीको कारण नगरपालिका भित्र रहेका खरका छाना भएका घरहरुको लगत संकलन गरी खरको छाना लाई विस्थापित गरी जस्तापाता द्धारा छाउने कार्यलाइ निरन्तरता दिइनेछ ।

१०.४ नगर भित्र रहेका वालक्लवहरुलाई थप क्रियाशिल बनाउन बालकोषको स्थापना गरि परिचालन गरिनेछ ।

१०.५ अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन गरि आवश्यक सिप तथा क्षमतामा बृद्धि गरिनेछ ।

१०.६ विभिन्न हिंसामा परेका सबै व्यक्ति र विशेष गरि महिलाहरुलाइ उनिहरुको गोपनियता कायम गर्दै द्रुत गतिमा कानुनी उपचार प्रदान गरिनेछ ।

११.७ सबै समुदायका महिलाहरुको न्यायमा पहुँच बढाउन कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

११.८ वालबालिका सँग उपप्रमुख कार्यक्रम संचालन गरिनेछ ।

## ११. पूर्वाधार बिकास नीति

११.१ आठबीस नगरपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र राजश्व सुधार कार्ययोजना तयार गरी लागू गरिनेछ ।

११.२ आठबीस नगरपालिकाको सडक गुरुयोजना तयार गरी लागू गरिनेछ ।

११.३ बिधुतिकरणका लागी सरोकारवालासँग आवश्यक समन्वय गरि आ.व. २०८१।०८२ भित्र नगरपालिकाका सबै वडाहरुमा विधुत विस्तार गरिनेछ ।

११.४ यस आठबीस नगरपालिकाका बजार क्षेत्रहरुबाट संकलन हुने फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थान पहिचान गरी डम्फिङ्ग साइटको व्यवस्था गरिनेछ ।

११.५ गर्भवती आमाहरुको अकालमै ज्यानबाट जोगाउनका लागि नगरपालिकाका सबै वडाहरुमा यस अघि निर्माण भएका हेलिप्याडको स्तररोन्नती गरिनेछ ।

११.६ सडक तथा यातायात बिस्तार गर्दा पानीका मुहान वनजंगल प्राकृतिक श्रोत धार्मिक स्थल विस्थापित नहुने गरी वातावरणमैत्री सडक निर्माण गरिनेछ ।

११.७ आठबीस नगरपालिका क्षेत्र भित्र निर्माण गरिने सम्पूर्ण सबै किसिमका पूर्वाधार निर्माण गर्दा फरक क्षमता भएका ब्यक्ति र जेष्ठ नागरीकको पहुँच सुनिश्चित हुने गरी ब्यवस्था गरिनेछ ।

११.८ शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ पूर्ण पालनामा जोड दिदै घरजग्गा नक्सापासको कार्य संचालन गरिनेछ ।

११.९ नगरपालिका क्षेत्र भित्र निर्माण हुने सम्पुर्ण घरहरुको नक्सा पास अनिवार्य गरि घर बनाउने अनुमति प्रदान गरिनेछ ।

११.१० नगरको सबै वडाहरुमा ठुलो योजनाहरु सडक र खानेपानी सिचाई लगायतका पूर्वाधार निर्माणका लागी आवश्यकता अनुसार विस्तृत परियोजना प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मुल्याँकन (IEE) निर्माण गरी व्यवस्थित रुपमा संचालन गरिनेछ ।

११.११ आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुमा आगामी आर्थिक वर्ष भित्र भवनहरु निर्माण गरी सेवा प्रदान गरिनेछ ।

११.१२ संघीय सरकार प्रदेश सरकार अन्य साझेदार संघ संस्थाहरुको सहयोगमा निर्माण हुने योजना तथा कार्यक्रममा लागत साझेदारी/ सहभागितामा योजना कार्यन्वयन गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।

११.१३ यस आठबीस नगरपालिका भित्रका सडकहरुमा रहेको जग्गा विक्रि वितरण गर्दा अनिवार्य ६ मिटरको बाटो लगत कट्टा गरी जग्गा पास गर्नुपर्नेछ ।

११.१४ विकास निर्माणको काममा जनसहभागिताको माध्यमबाट अपनत्व वृद्धि गर्न टोल बिकास सस्थाको अवधारणा अवलम्बन गरिनेछ ।

११.१५ पुर्वाधार निर्माणमा अनिवार्य ठेक्का गर्नुपर्नेबाहेक अन्य सम्पुर्ण निर्माण कार्य उपभोक्ता समितिमार्फत संचालन गरिनेछ ।

११.१६ नगरपालिकाको प्रशासकीय भवनको निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११.१७ नगरपालिकाको आकस्मिक मर्मत सम्भारका लागि “नगर प्रमुख पुर्वाधार विकास कार्यक्रम” संचालन गरिनेछ ।

११.१८ जनतासँग नगर प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

११.१९ उप प्रमुख पुर्वाधार कार्यक्रम संचालन गरिनेछ ।

**१२. संञ्चार तथा सुचना सम्बन्धी नीति**

१२.१ आठबीस नगरपालिकाको डिजिटल नगर प्रोफाइल तयार गरिनेछ ।

१२.२ नागरिकको सूचना पाउने हकलाई पूर्णरुपमा प्रत्याभुति दिने गरी सूचनाको हकलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याइनेछ ।साथै नागरिकको सुचना माग्ने र सूचना पाउने हकलाइ सुरक्षित गर्दै सूचना प्राप्ती गर्ने कार्यमा सहजता ल्याइनेछ ।

१२.३ आठबीस नगरपालिकाका नागरिकहरुको सल्लाह सुझाव र गुनासोको लागि निशुल्क टोल फ्रि नम्वर संचालनमा ल्याइनेछ ।

**१३. वातावरण तथा विपद् व्यवस्थापन**

१३.१ वाढी पहिरो नियन्त्रणका लागि वृहत गुरुयोजना निर्माण गरिनेछ ।

१३.२ विद्यालय तथा समुदायमा विपद् पुर्व तयारी तथा जलवायु परिवर्तन सम्बन्धी संचेतना कार्यक्रम संचालन गरिनेछ ।

१३.३ विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम संचालनका लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

१३.४ नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण उत्पन्न विपद् जोखिम न्युनिकरणका लागि पुर्व तयारीमा जोड दिइनेछ ।

१३.५ पहिरोको उच्च जोखिम भएका ठाँउहरुमा बृक्षारोपण तथा वायोइन्जिनियरिङ्गमा जोड दिइनेछ ।

१३.६ प्रत्येक वडामा कम्तिमा ५० हजार र नगरपालिकामा २० लाखको विपद् व्यवस्थापन कोष स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

१३.७ कर्णाली नदिको कटान नियन्त्रण गर्नका लागि तटबन्धन निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

१३.८ पानीका मुहान तथा धाराहरु संरक्षण गरिनेछ ।

**१४.सार्वजनिक सेवा तथा सस्थागत क्षमता**

१४.१ कर्मचारीको कार्य सम्पादनलाई वस्तुगत र प्रभावकारी वनाउन  नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा  प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुखहरु विच कार्यसम्पादन सम्झौता तयार गरी लागू गरिनेछ ।

१४.२ नगरपालिका र वडा बाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा सुसुचित गर्न प्रत्येक वडाको पायक पर्ने स्थानमा नागरीक वडा पत्र राखिनेछ । साथै नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा जानकारी गराउनका लागि बिद्यालयहरुमा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

१४.३ नगरपालिका र अन्तर्गतका निकायहरु बाट प्रदान गरिने सेवाहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

१४.४ कर्मचारीको मनोवल उच्च वनाइ कार्य सम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीलाइ प्रोत्साहन गर्ने र नगरमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुका लागि कल्याणकारी कोषको व्यवस्था लाई निरन्तरता दिइनेछ ।

१४.५  जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागी आवश्यक तालिम, अध्यायन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१४.६ जवाफदेहिता र पारदर्शिता कायम गर्न नगरपालिका र अन्तर्गतका निकायहरु बाट प्रवाह गरिने सेवा तथा आयोजनाहरुको सबै वडाहरुमा तथा नगरपालिकामा वार्षिक समिक्षा र सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी बनाइनेछ ।

१४.७ बहुक्षेत्रीय जागरण कार्यक्रम संचालन गरिनेछ ।

१४.८ राष्ट्रिय परिचयपत्र, पञ्जिकरण र सामाजिक सुरक्षलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ ।

**१५.साझेदार सस्था सम्बन्धी नीति**

१५.१ नगरपालिकाबाट संचालन गरिने आयोजना तथा कार्यक्रममा साझेदारी गरिने नीति लिइनेछ ।

१५.२ नगपालिकाको समग्र विकासका लागी क्रियाशिल साझेदार संघ सस्थाहरुलाई विकास साझेदारको रुपमा लिइनेछ ।

१५.३ साझेदार सस्थाको योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यन्वयनमा एकद्धार प्रर्णाली अपनाइनेछ ।

१५.४ साझेदार निकायबाट संचालित कार्यक्रमको अनुगमन मुल्याँकन तथा सुपरिवेक्षण गर्ने नीति लिइनेछ ।

**आदरणीय सभाध्यक्ष एंव सभा सदस्य ज्यूहरु**

अब म आ व २०८१/०८२ का लागी राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्दछु ।

उल्लिखित नीति तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा कार्यन्वयन गर्नका लागी नगरपालिकालाई नेपाल सरकार र प्रदेश सरकारकाट प्राप्त बजेट तथा नगरको आन्तरिक आय समेतलाई आकलन गरी आ.व. २०८१/८२ का लागि निम्नानुसारको बजेट तर्जुमा गरिएको छ ।

**आय तर्फ**

आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ रु ४० लाख प्रक्षेपण गरिएको छ । त्यसै गरि संघीय सरकारको वित्तिय समानिकरण अनुदान रु १० करोड ८० लाख, संघीय सरकारको समपुरक अनुदान रु ५० लाख, संघीय सरकारको राजस्व बाडफाँड मार्फत प्राप्त हुने रकम रु १० करोड ७०, संघीय सरकारको सर्शत अनुदान रकम रु २३ करोड १० लाख, प्रदेश सरकारको शसर्त अनुदान ७ करोड १० लाख प्रदेश सरकारको समपुरक अनुदान रु. १ करोड ५० लाख, प्रदेश सरकारको विशेष अनुदान रु ५० लाख रुपैया रहेको छ ।

**व्यय तर्फ**

आय तर्फ प्रक्षेपण गरिएको रकम बमोजिम आगामी आर्थिक वर्षमा चालु र पुजिगत तर्फ रु ५४ करोड ६० लाख विनियोजन गरेको छु ।

**आदरणिय सभाध्यक्ष तथा सभा सदस्यज्यूरु**

माथि उल्लिखित पुँजिगत खर्चलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) बमोजिम आर्थिक बिकास, सामाजिक बिकास, भौतिक पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा रकम विनियोजन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरु**

प्रस्तुत नीति, कार्यक्रम र बजेट प्रभावकारी कार्यन्वयनबाट **"समृद्ध आठवीस सुखि आठवीस बासी"** हुने तर्फ हामी उन्मुख हुन्छौ भन्ने विश्वास लिएको छु । बजेट कार्यान्वयनमा नगरकार्यपालिकाका प्रमुखज्यू, सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुको समेत महत्वपूर्ण भुमिका रहने विश्वास लिएको छु ।

अन्तमा आठवीसको समग्र विकासमा योगदान गर्ने राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि सहकारी र समुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, संन्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार सस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

कल्पना कुमारी थापा
उप प्रमुख एवं बजेट कार्यक्रम तथा बजेट तर्जुमा समिति संयोजक
आठबीस नगरपालिका, दैलेख